नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
( विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)
सानोठिमी, भक्तपुर
फोन नं ०१६६३३६२४
Email: cehrd.ss@gmail.com

पत्र संख्याः २०८२/०८३ (मापदण्ड)
च.नं. ५२

मितिः २०८२/०९/३०

श्री सबै विद्यालयहरु ।

**विषयः २८ औं भुकम्प सुरक्षा दिवस मनाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०९/२२ ,च.नं. २९२ को २८ औं भुकम्प सुरक्षा दिवस मनाउने सम्बन्धी पत्र यसै साथ छ ।सोहीबाट व्यहोरा अवगत गरी विद्यालयसँग सान्दर्भिक हुने कार्यक्रम साथ उक्त दिवस मनाउन अनुरोध छ ।

हरिप्रसाद अर्याल
(निर्देशक)

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(विद्यालय शिक्षा शाखा),
सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा विकास तथा समन्वय इकाई ,(सबै) – आवश्यक समन्वय तथा सहजीकरणको लागि अनुरोध छ।

CamScanner

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः- ०८२।८३
चलानी नं.:- २९२

मितिः २०८२।०९।२२
ने.स. ११४६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी, भक्तपुर।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र
दर्ता नं.:- 9268
मितिः- २०८२।९।२९

प्रस्तुत विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरवार, काठमाडौंको च.नं. ८३९, मिति २०८२।०९।२० को निर्णय कार्यान्वयन सम्वन्धमा विषयको पत्र साथ संलग्न २८ औ भुकम्प सुरक्षा दिवस मूलसमारोह समितिको मिति २०८२।०९।१८ गते वसेको बैठकका निर्णयहरु पाना थान-५ यसैसाथ संलग्न छ । निर्णय कार्यान्वयनका लागि ताँहा केन्द्र मार्फत सबै विद्यालयहरुलाई पत्राचार गर्ने व्यवस्थाका हुन निर्देशानुसार अनुरोध छ।

..............
सेमन्त गौतम
शाखा अधिकृत

---

फोन नं.:
वेबसाइट : www.moest.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या : २०८२/०८३
चलानी नं.: ८३९

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति:- २०८२/०९/२०

श्री विद्यालय शिक्षा महाशाखा

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री गृह मन्त्रालय, सिंहदरबार।
श्री अर्थ मन्त्रालय, सिंहदरबार।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार।
श्री ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सिंहदरबार।
श्री कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार।
श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार।
श्री रक्षा मन्त्रालय, सिंहदरबार।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, सिंहदरबार।
श्री नेपाली सेना, जंगी अड्डा, भद्रकाली।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं।
श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हल्चोक, काठमाडौं।
श्री राष्ट्रिय अनुसन्धान विभाग, सिंहदरबार।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं।
श्री खानी तथा भू-गर्भ विभाग, काठमाडौं।
श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं।
श्री हुलाक सेवा विभाग, बबरमहल, काठमाडौं।
श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र, भक्तपुर।
श्री सूचना तथा प्रसारण विभाग, काठमाडौं।
श्री जल तथा मौसम विज्ञान विभाग, काठमाडौं।
श्री जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, ललितपुर।
श्री राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र, काठमाडौं।
श्री समाज कल्याण परिषद्, ललितपुर।
श्री काठमाडौं उपत्यका विकास प्राधिकरण।
श्री आवासीय प्रतिनिधि, संयुक्त राष्ट्र संघ, पुल्चोक, ललितपुर।

प्रस्तुत विषयमा गृहमन्त्री श्री ओमप्रकाश अर्यालज्यूको अध्यक्षतामा मिति २०८२।०९।१८ गते शुक्रबार बसेको २८औं भूकम्प सुरक्षा दिवस, २०८२ मूलसमारोह समितिको बैठकको निर्णय पाना ५(पाँच) यसैसाथ संलग्न राखी तहाँको जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार सादर अनुरोध छ।

(सुरेश खतिवडा)
शाखा अधिकृत

सादर अवगतार्थ:
गृहमन्त्रीज्यूको निजी सचिवालय,
सिंहदरबार, काठमाडौं ।

## २८औं भूकम्प सुरक्षा दिवस मूलसमारोह समितिको मिति २०८२ पौष १८ गते बसेको बैठकका निर्णयहरु:

**निर्णय नं. १:** २८औं भूकम्प सुरक्षा दिवस, २०८२ मूलसमारोहको कार्यक्रम काठमाडौं महानगरपालिकाले तोकेको स्थानमा आयोजना गर्ने।

**निर्णय नं. २:** २८औं भूकम्प सुरक्षा दिवस, २०८२ को मूलसमारोहको कार्यक्रममा प्रमुख अतिथिको आतिथ्यका लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने।

**निर्णय नं. ३:** प्रस्तावित विभिन्न नाराहरु उपर छलफल गर्दा बैठकमा प्राप्त सुझावहरुका आधारमा भूकम्प सुरक्षा दिवस, २०८२ को नारा **"सबै तहका सरकार, सबै नागरिकको तयारी: भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी"** तय गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** २८औं भूकम्प सुरक्षा दिवस, २०८२, व्यवस्थित र प्रभावकारी बनाउन, भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ बमोजिम काठमाडौं महानगरपालिकाको संयोजकत्वमा व्यवस्थापन उप-समिति र शहरी विकास तथा भवन निर्माण विभागको संयोजकत्वमा प्रचार प्रसार उप-समिति गठन गर्ने र दुवै उप-समितिहरुमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले सदस्य-सचिवको रुपमा कार्य गर्ने।

**निर्णय नं. ५:**

(क) २८औं भूकम्प सुरक्षा दिवसको नारा सहितको पोष्टर लगायतका सामग्री मुलुकभरका सार्वजनिक निकायमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उपलब्ध गराउने।

(ख) प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रम सञ्चालन गरी २८औं भूकम्प सुरक्षा दिवस, २०८२ मनाउनका लागि सबै प्रदेश सरकारहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत र जिल्ला समन्वय समिति एवं स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पत्राचार गर्ने।

(ग) औद्योगिक प्रतिष्टानहरुमा भूकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित संरचना निर्माण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई अनुरोध गर्ने।

(घ) स्थानीय तहमा शिक्षक तथा विद्यार्थीहरु समेतको सहभागितामा भूकम्प सुरक्षा दिवस, २०८२ विद्यालयस्तरमा मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्थानीय तहहरुलाई अनुरोध गर्ने। साथै सो दिन सम्भव भएसम्म प्रत्येक स्थानीय तहका विद्यालयहरूमा भूकम्प सुरक्षा विषयमा कक्षा सञ्चालन तथा कृत्रिम घटना अभ्यास (Simulation) गर्ने व्यवस्था मिलाउने।



CamScanner

(ङ) भूकम्प सुरक्षा दिवस, २०८२ का उपलक्ष्यमा आयोजना हुने विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाई भव्यताका साथ मनाउन नागरिक समाज, संयुक्त राष्ट्र संघीय निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, सञ्चार माध्यम, निजी क्षेत्र लगायत सबैलाई सहभागिता तथा साझेदारीका लागि आव्हान गर्ने।

निर्णय नं. ६: राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट भूकम्प सुरक्षा दिवस, २०८२ का विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न विगतका वर्षहरु जस्तै यस वर्ष पनि उक्त प्रयोजनका लागि रु. ५,००,०००।- (पाँच लाख रुपैयां मात्र) भूकम्प सुरक्षा दिवस मूलसमारोह समितिका सदस्य-सचिव, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) लाई उपलब्ध गराउने।

निर्णय नं. ७: भूकम्प सुरक्षा दिवस, २०८२ मनाउन देहाय बमोजिमका निकायले निम्नानुसारका कार्यक्रम संचालन गर्ने, गराउने।

देहाय:

| क.सं. | कार्यक्रम | मिति २०८२ | | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| क | २८औं भूकम्प सुरक्षा दिवसको देशब्यापी प्रचार प्रसार | | | |
| १. | राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन मिडिया र अखवारहरुमा भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी लेख रचना प्रकाशन | पौष २५ | माघ १५ | प्रचार प्रसार उपसमिति |
| २. | भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माण सम्बन्धी डिजिटल प्रचार प्रसार सामग्रीहरु स्थानीय तहका कार्यालयहरुमा वितरण | पौष २७ | पौष २९ | प्रचार प्रसार उपसमिति |
| ३. | २८औं भूकम्प सुरक्षा दिवस पत्रकार सम्मेलन | पौष २६ | | प्रचार प्रसार उपसमिति |
| ४. | आम सञ्चार माध्यमहरुबाट भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माण सम्वन्धी सार्वजनिक सन्देशहरु प्रसारण | पौष २८ | माघ ५ | प्रचार प्रसार उपसमिति |
| ५. | रेडियो तथा टेलिभिजनबाट भूकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी परिसम्वाद अन्तरक्रिया कार्यक्रमहरुको प्रसारण | पौष २८ | माघ ५ | प्रचार प्रसार उपसमिति |
| ६. | २८औं भूकम्प सुरक्षा दिवस राष्ट्रिय समितिका सभापति माननीय गृहमन्त्रीज्यूबाट रेडियो सन्देश (रेडियो नेपाल, सामुदायिक रेडियो नेटवर्कबाट) | माघ २ | | प्रचार प्रसार उपसमिति |
| ७. | रेडियो नेपाल र सामुदायिक रेडियो नेटवर्कबाट २८औं भूकम्प सुरक्षा दिवस मूलसमारोह स्थलबाट प्रत्यक्ष प्रसारण | माघ २ | | प्रचार प्रसार उपसमिति |

| क्र.सं. | कार्यक्रम | मिति २०८२ | | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ख | काठमाडौं उपत्यका भित्र गरिने राष्ट्रिय कार्यक्रमहरु | | | |
| १ | भूकम्प स्मृति सभा, भुगोल पार्क काठमाडौं | माघ २ | | काठमाडौं महानगरपालिका |
| २. | भूकम्प स्मृति सभा, पाटन दरबार क्षेत्र, ललितपुर | माघ २ | | ललितपुर महानगरपालिका |
| ३. | भूकम्प सुरक्षा र्‍याली, काठमाडौं महानगरपालिका | माघ २ | | काठमाडौं महानगरपालिका |
| ४. | भूकम्प सुरक्षा दिवस "मूलसमारोह" काठमाडौं महानगरपालिका, कमलपोखरी, काठमाडौं | माघ २ | | मूल समारोह समिति, व्यवस्थापन उपसमिति |
| ५. | भूकम्प सुरक्षा प्रदर्शनी | माघ २ | | भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल |
| ६. | २८औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ २ | माघ १२ | शहरी विकास तथा भवन निर्माण विभाग |
| | अन्य कार्यक्रमहरु | | | |
| ७. | २८औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू: माघ २ गते काठमाडौं महानगरपालिका, कमलपोखरी, काठमाडौंमा मूलसमारोहको कार्यक्रम स्थलमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालबाट भूकम्प सम्बन्धी CSSR, MFR तथा Fire Fighting को आधुनिक उपकरण लगायत INSARAG MEDIUM TEAM को EQUIPMENT हरु प्रदर्शन र गर्ने, नेपाली सेनाले भूकम्पमा गरेका कार्यहरुको Flex Print मार्फत प्रदर्शनी गर्ने, १XRescue Team ले Earthquake Safety Drill अभ्यास देखाउनुको साथै १x Sniffer Dog समेत प्रदर्शनीमा राखी अभ्यास गराउने। | माघ २ | | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल |
| ८. | २८औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | पौष २५ | माघ १६ | नेपाल प्रहरी |
| ९. | भूकम्प सुरक्षा सम्बन्धी नारा उल्लेख गरी सम्पूर्ण प्रहरी कार्यालयहरुमा Flex Print/ब्यानर टाँस्ने। | पौष २५ | माघ १६ | |

| क.सं. | कार्यक्रम | मिति २०८२ | | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ९.१. | भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माण सम्बन्धी डिजिटल प्रचार प्रसार सामग्रीहरु स्थानीय प्रहरी कार्यालयहरुले वितरण गर्ने। | पौष २८ | माघ ५ | |
| ९.२. | आम सञ्चार माध्यमहरुबाट भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माण सम्बन्धी सार्वजनिक सन्देशहरु प्रसारण | पौष २८ | माघ ५ | |
| ९.३. | प्रदेश, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिहरुका पदाधिकारीहरु सम्मिलित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम आयोजना गर्ने। | माघ २ | माघ ४ | |
| ९.४. | विपद् व्यवस्थापन कार्यालय सामाखुशीले कार्यतालिका बनाएर उपत्यका भित्र र उपत्यका बाहिर विपद् गुल्मले विद्यालय र उद्योगमा भूकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित संरचना निर्माण सम्बन्धी सचेतना कार्यक्रम साथै पूर्वाभ्यास कार्यक्रम सञ्चालन | माघ २ | माघ १२ | |
| १०. | २८ औं भूकम्प सुरक्षा दिवसको नारा उल्लेख गरी स.प्र.बल, नेपालको सम्पूर्ण बाहिनी मुख्यालय, तालिम शिक्षालय, गण/गुल्म तहका कार्यालयहरुको प्रवेश द्वारमा सचेतनामुलक Flex Print टाँस्ने । | पौष २९ | | सशस्त्र प्रहरी बल, नेपाल |
| १०.१. | सशस्त्र प्रहरी बल, नेपालका देशभर रहेका सम्पूर्ण कार्यालयहरुमा आन्तरिक रुपमा सकल दर्जाहरुलाई भूकम्प सुरक्षा सम्बन्धी कक्षा संचालन गर्ने। | पौष २९ | माघ ४ | |
| १०.२. | स्थानीय क्लब, समुदाय तथा विद्यालयहरुमा सचेतनामुलक कार्यक्रम तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कक्षाहरु सञ्चालन गर्ने। | पौष २९ | माघ ७ | |
| १०.३. | प्रदेश, जिल्ला एवं स्थानीय विपद् व्यवस्थापन समितिहरुका पदाधिकारीहरु सम्मिलित कार्यक्रमहरुमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सम्बन्धी छलफलको आयोजना गर्ने। | माघ २ | माघ ४ | |
| १०.४. | बाहिनीस्तरीय कृत्रिम घटनामा आधारित विपद् प्रतिकार्य अभ्यास Simulation Exercise सञ्चालन गर्ने। | माघ २ | | |
| १०.५. | वि.सं.१९९० साल माघ २ गते गएको महाभूकम्पको स्मरणमा १४:२४ बजे सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण युनिटहरुमा स्ट्याण्ट टु लगाई भूकम्प पश्चात गरिने प्रतिकार्यमा परिचालनको अभ्यास गर्ने र सो पश्चात कमाण्डरद्वारा भूकम्प सुरक्षा सम्बन्धी आवश्यक ब्रिफिङ्ग गर्ने। | माघ २ | | |

| क.सं. | कार्यक्रम | मिति २०८२ | | जिम्मेवार निकाय |
| --- | --- | --- | --- | --- |
| | | देखि | सम्म | |
| १०.६. | २८औं भूकम्प सुरक्षा दिवसको अवसरमा काठमाडौं महानगरमा आयोजना गरिने मूलसमारोहमा सशस्त्र प्रहरी बल, नेपालमा रहेका CSSR, MFR, Rope Rescue, Fire Fighting, Water Rescue ,Life Detection Devices तथा अन्य खोज तथा उद्धार सामग्री तथा उपकरणहरुको प्रर्दशनी गर्ने। | माघ २ | | |
| १०.७. | सशस्त्र प्रहरी बल, नेपालको नियमित टेलिभिजन कार्यक्रम "समर्पण राष्ट्रका लागि" मा भूकम्प सुरक्षा सम्बन्धी सचेतनामुलक श्रव्यदृश्य सामग्री प्रसारण गर्ने। | पौष २८ | माघ ४ | |
| ११. | २८औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू<br>Participation on national, provincial, district and local level, blood donation, rally, simulation/demo in first aid, video show and radio talk program, simulation exercises, risk communication/ message dissemination, article and message publication in new papers, fruit distribution to the patients, orientation, quiz contest, essay competition among the students, message dissemination through mobile information center | पौष २६ | माघ १० | नेपाल रेडक्रस सोसाईटी |
| १२. | भूकम्पीय सुरक्षा सम्बन्धी राष्ट्रिय गोष्ठी (National Symposium on "Earthquake Risk Reduction and Management in Nepal") | माघ | माघ | शहरी विकास तथा भवन निर्माण विभाग, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल |



CamScanner